नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

# खानेपानी तथा ढल व्यवस्थापन कार्यालय

भरतपुर, चितवन

☎०५६-४९३२०४
E-mail: fwssmpchitwan@mows.gov.np

पत्र संख्या : २०८३/८४

चलानी नं. : ..U.S..सँग सम्बन्धित सूचना

## विशेष परिस्थितिमा खरिद गरिएको सम्बन्धी

# सार्वजनिक सूचना !

प्रकाशित मितिः २०८३/०६/०५

मिति २०८३/०५/१० गते भोटेकोशी– त्रिशूली नदी प्रणालीमा आएको बाढीका कारण यस कार्यालयको कार्यक्षेत्र भित्र पर्ने धादिङ जिल्लाका विशेषतः बेनीघाट रोराङ, सिद्धलेक, गजुरी र गल्छी गाउँपालिका/नगरपालिका क्षेत्रका विभिन्न खानेपानी आयोजनाहरूका पाइपलाइन तथा अन्य संरचनाहरूमा क्षति भई खानेपानी सेवा अवरुद्ध हुन गएकोले उक्त बाढीबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरूलाई यथाशिघ्र पुनः सञ्चालन गरी प्रभावितहरुलाई तत्काल खानेपानी सेवा सञ्चालन तथा सुचारु गर्न आवश्यक पर्ने विभिन्न साइज तथा प्रकारका पाइपहरू **सार्वजनिक खरिद ऐन, २०६३ (संशोधनसहित) को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) को नियम १४५ बमोजिम विशेष परिस्थितिमा खरिद प्रक्रिया** अवलम्बन गरी खरिद गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

खरिदको विवरणः

- **खरिदको विषयः** विभिन्न साइज तथा प्रकारका पाइप तथा आवश्यक पाइपजन्य सामग्री ।
- **खरिद गर्ने सार्वजनिक निकायः** खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, चितवन ।
- **आपूर्तिकर्ताः** श्री बिशाल प्लाष्टोक्याब इण्डष्ट्रिज प्रा.लि., काठमाडौं-३२ ।
- **खरिद रकमः** मूल्य अभिवृद्धि करसहित रु. ५७,७९,२१५।५०
  *(अक्षरेपी सन्ताउन्न लाख उनासी हजार दुई सय पन्ध्र रुपैयाँ पचास पैसा मात्र)*
- **खरिदको उद्देश्यः** भोटेकोशी—त्रिशूली बाढीबाट क्षतिग्रस्त धादिङ जिल्लाका विभिन्न खानेपानी आयोजनाहरूको तत्काल मर्मत/सुधार तथा खानेपानी सेवा सञ्चालन ।
- **खरिदको कानूनी आधारः** सार्वजनिक खरिद ऐन, २०६३ (संशोधनसहित) को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) को नियम १४५।

*पुनश्चः उक्त पाइप तथा सामग्रीहरू बाढीबाट प्रभावित धादिङ जिल्लाका विभिन्न खानेपानी आयोजनाहरूको तत्काल मर्मत सुधार तथा खानेपानी सेवा सञ्चालनका लागि प्रयोग/उपयोग भइरहेको व्यहोरा समेत यसै सूचनामार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।*

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, चितवन